

# सुशिला कार्की
# प्रथम महिला प्रधान न्यायाधीश



● गरिमा शाह

## पहिलो पथ प्रदर्शक

'पिताजीले मलाई सानैदेखि आत्मविश्वासी नबनाएको भए, त्यति बेलाका अरु छोरीका पिताहरूले जस्तै व्यवहार गरेको भए शायद म आजकी सुशिला कार्की हुन्नथें होला ।' यो स्वीकारोक्ति हो, सुशिला कार्कीको ।

हो ! बालबालिका काँचो माटो जस्तै हुन्छन् जुन आकारमा ढाल्यो त्यही रूप लिने । उनलाई घर र माता पिताले कस्तो वातावरण दिन्छन्, उनको निमार्ण पनि त्यसै अनुसार हुन्छ । जसको उदाहरण हुनुहुन्छ सादगी, इमान र निष्ठाकी प्रतिमूर्ति सुशिला कार्की ।

नेपालको न्याय क्षेत्रमा इतिहास रच्न सफल सुशिला कार्कीलाई आज नेपालले मात्र होइन विश्वले एक आत्मविश्वासी, स्वाभिमानी र हक्की स्वभावकी महिला भनेर चिन्दछ । पहिलो पाठशाला घर, पहिलो गुरु बुबालाई नै मान्ने सुशिला भन्नुहुन्छ-"पिताकी 'बेटा' म पिताजीले डोर्याएको बाटोमा हिडें ।" त्यही बाटोले नेपालको न्यायिक क्षेत्रमा स्वर्णिम इतिहास कोर्यो, नेपाललाई प्रथम महिला प्रधान न्यायाधीश दिएर ।

सुशिलाको जन्म राजनीतिक परिवारमा भएको थियो । उहाँका बुबा वि.स. २००७ सालको क्रान्तिमा मुक्ति सेनानी हुनुहुन्थ्यो भने काका प्रज्ञा परिषदमा हुनुहुन्थ्यो । उहाँको बाल्यकाल, किशोर र युवा अवस्था राजनीतिज्ञहरूको सानिध्यमा बित्यो । घरमा जनता र राष्ट्रकालागि समर्पित नेताहरूको आवत जावत भैरहन्थ्यो । विपी कोइराला र अन्य नेताहरू भारतमा बसेर नेपालमा प्रजातन्त्र ल्याउन संघर्ष गरिरहेका बेला उहाँ पनि बनारसमा अध्ययन गर्न जानु भएको थियो । सारनाथमा विपी परिवार भएका कारण त्यहाँ राजनीतिक जमघट भैरहन्थ्यो । विश्वविद्यालयमा भर्ना हुनु भन्दा पहिला उहाँ कोइराला परिवारसँग बस्नु भएको थियो भने पछि पनि बेला बेला त्यहाँ गैरहनु हुन्थ्यो । बनारसको सारनाथलाई आफ्नो राजनीतिक विश्वविद्यालय मान्ने सुशिलाले त्यसै वातावरणबाट राजनीतिक चेत पाउनु भएको थियो । राजनीतिक चेतले नै जीवनमा जोखिम मोल्न र जनताको अधिकारकालागि लड्न सिकाएको उहाँ बताउनु हुन्छ ।

जमिन्दार भएपनि संयुक्त बसेका कारण परिवार ठूलो थियो । ठूलो किसान परिवार भएका कारण आधारभूत आवश्यकता सबै पूरा भए पनि अन्य खर्चमा कडाई थियो । सुशिलालाई यसै वातावरणले सादगीपूर्ण जीवन जिउन प्रेरित गर्‍यो । उहाँको सादगीबाट प्रभावित नहुने कमै होलान । हिमाल झैं अटल, प्रतिबद्धताको स्वाभिमान कहिल्यै ढल्न नदिने दृढताकी खानी सुशिलाको जन्म वि.स. २००९ जेठ २४ गते विराटनगरको शंकरपुरमा आमा लीलादेवी कार्की र बुबा डिल्ली बहादर कार्कीको पहिलो सन्तानको रूपमा भएको थियो । उहाँका चार बहिनी र दुई भाइहरू हुनुहुन्छ ।

## शिक्षा र वकालत

सुशिलाको जन्म सम्पन्न र चेतनशील परिवारमा भएको थियो । जसकारण बिना अवरोध शिक्षा आर्जन गर्ने अवसर प्राप्त गर्नु भयो । विराटनगरको जनता स्कूलमा एकै पटक कक्षा दुईमा भर्ना भएर औपचारिक शिक्षा ग्रहणको शुभारम्भ गर्नुभएको थियो । जनता स्कूल जनता हाइ स्कूलमा परिणत भएका कारण प्राथमिक शिक्षा पढन टाढा जानु पर्ने वा एकै चोटी पाँच कक्षा पढनु पर्नेमा उहाँलाई घरको नजिक जनता हाइ स्कूलमा भर्ना गरियो । वार्षिक परीक्षा सातौं स्थानमा उतीर्ण गर्नुभयो । यसबाट प्रष्ट हुन्छ उहाँ सानैदेखि लगनशील र तीक्ष्ण बुद्धिको हुनुहुन्थ्यो ।

वि.स.२०२४ सालमा एसएलसी परीक्षा दिनु भयो । उहाँ दोस्रो स्थानमा उतीर्ण हुनुभयो । त्यसछि विराटनगर कै महेन्द्र मोरङ्ग क्याम्पसमा आइएससी पढनु भयो । वि.स. २०२५ सालमा कलेजको स्ववियु निर्वाचनमा छात्रा प्रतिनिधिको रूपमा उम्मेदवार हुनुभयो । तर त्यस निर्वाचनको मतगणना भने विवादका कारण हुन सकेन । वि.स. २०२७ सालमा नेपाल विद्यार्थी संघको गठन पछि संघका केन्द्रीय सदस्य रामचन्द्र पौडेल संगठन बनाउन विराटनगर आएको बेला उहाँले विधिवत रूपमा नेविसंघको सदस्यता लिनुभएको थियो । वि.सं. २०३० चैत्र ३० मा बी.ए.को परीक्षाफल आयो । त्यसपछि उहाँ वि.स. २०३१ असारमा जोगबनीबाट रेलमा इलाहाबाद जानु भयो । उहाँले मनोविज्ञान पढने सोच बनाउनु भएको थियो तर भर्नाको म्याद सकिएकोले उहाँले इलाहाबादमा पढन पाउनु भएन ।

वि.पी. कोइराला परिवार सहित बनारसको सोरनाथमा हुनुहुन्थ्यो । उहाँसँग कुरा भए पछि वि.पी. ले सुशिलालाई बनारस  बोलाउनु भयो र बनारस हिन्दु विश्व विद्यालयमा भर्ना गरिदिनु भयो । होस्टलमा कोठा नपाउँदासम्म उहाँको मै बस्नुभयो । सारनाथमा राजनीतिक गतिविधि भैरहन्थे, वि.पी. कोइराला त्यहीं भएका कारण । सानैदेखि पारिवारिक राजनीति माहौल र सारनाथको बसाइका कारण सुशिलाले राजनीतिबारे गहिरो जानकारी प्राप्त गर्नु भएको थियो । सारनाथलाई त उहाँले आफ्नो राजनीतिक विश्वविद्यालय नै भन्नुभएको छ । वि.सं. २०३२ सालमा स्नातकोत्तर उत्तीर्ण गर्नुभयो । उहाँको राजनीति शास्त्रमा पिएचडी गर्ने लक्ष्य थियो । तर एउटा घटनाले उहाँको जीवनलाई अर्कै दिशातिर मोडिदियो । उहाँ दिल्ली घुम्न जाँदा वि.पी. कोइरालाले उहाँलाई सिआइडीको आरोप लगाउनु भयो । यस आरोपबाट उहाँ मर्माहत हुनुभयो । उहाँले त्यो ठाउँ नै छोड्नु भयो । काठमाडौं आएर नेपाल खाद्य संस्थानमा जागिर गर्न थाल्नु भयो ।

त्रिभुवन विश्वविद्यालयमा प्राइभेट परीक्षा दिने गरी दुई वर्षे कोर्ष रहेको बि.एल.मा भर्ना लिनु भयो । बि.एल मा आयकर विषयमा फेल हुनुभयो । पहिलो पटक फेल हुनु भएको थियो । पछि वि.सं. २०३४ मा वि.एल.को बाँकी रहेको परीक्षा दिनुभयो र उत्तीर्ण हुनुभयो । वि.स. २०३५ साल माघ १७ गते वकालतको लाइसेन्स पाउनु भयो । उहाँको मनमा द्वन्द चल्यो । भैरहेको जागिर मै रहने कि वकालत गर्ने । नयाँ-नयाँ वकालत, नचल्न पनि सक्थ्यो । उहाँ आँटिलो मान्छे २०३५ माघमा उहाँले खाद्य संस्थाको नियमित र निश्चित आय भएको जागिर छोड्नु भयो । अनिश्चित रहेको वकालती जीवन रोज्नु भयो ।

## धरानबाट वकालत यात्रा

धरानबाट वि.सं. २०३५ सालबाट वकालत शुरु गर्नु भयो । वकालत शुरु गर्न उहाँलाई अप्ठ्यारो भएन । उहाँको ठूलोबुबा तोरण बहादुर कार्की कानूनविद हुनुहुन्थ्यो । उहाँबाट सुशिलाले धेरै कुरा सिक्नु भयो र उहाँको मार्गदर्शनबाट अगाडि बढ्नु भयो । ठूलोबुबालाई आफ्नो जीवनको पहिलो गुरु मान्नु हुन्छ । वि.सं. २०३७ सालदेखि सेवानिवृत्त जिल्ला न्यायधीश पुष्पबहादुर राउतको ल फर्ममा अभ्यास गर्न जानु भयो । १२ वर्षसम्मको धरान बसाइ र वकालती जीवनमा ठूलोबुबा, सेवा निवृत्त न्यायधिश पुष्पबहादुर राउत र गुणराज

जोशीलाई आफ्नो गुरु मान्नुहुन्छ । उहाँहरूबाट प्राप्त ज्ञान, अभ्यास र प्रेरणाले अगाडिको यात्रा सफल भएको उहाँ बताउनु हुन्छ ।

वि.स. २०३५ मा धनकुटा जिल्ला अदालतबाट हारेको पुनरावेदनमा आएको मुद्दामा पहिलो बहस गर्नु भएको थियो । शुरुमा देवी घिमिरेसँग साझेदारीमा ल फर्म चलाउनु भयो । आफ्नो वकालती जीवनमा उहाँले अप्ठ्यारोमा परेका गरीब किसानका मुद्दा निःशुल्क लडिदिनु भएको थियो । बढी धन सम्पत्ति जोड्ने लालसा उहाँमा कहिल्यै आएन । सादा, सरल र इमान्दार जीवन नै उहाँको जीवनका मूल्य मान्यता रहे ।

## विवाह

२०४३ साउन १३ गते उहाँको विवाह नेपाली कांग्रेसका नेता दुर्गा सुवेदीसँग भयो । उहाँको विवाहमा नेपाली कांग्रेस र कम्युनिष्टका नेताहरूको उपस्थिति थियो । गिरिजाप्रसाद कोइराला नीता कोइराला, मनमोहन अधिकारी, साधना अधिकारी, भरतमोहन अधिकारी, ओमकुमारी अधिकारी, शैलजा आचार्य आदिको उपस्थिति थियो । कांग्रेस कम्युनिष्टलाई एकै स्थानमा ल्याइदिएको थियो उहाँको विवाहले । बोलचाल बन्द भएका बेला दुबै थरीका नेता एकै ठाउँमा आउनु त्यति बेला ठूलो कुरा थियो । उहाँका एक छोरा हुनुहुन्छ ।

## बारबाट बेन्चमा

वि.स. २०६५ माघ ९ गते सर्वोच्च अदालतको न्यायाधीसको रूपमा सपथ लिनु भयो । अब उहाँ बहस गर्ने ठाउँ बारबाट निर्णय गर्ने ठाउँ बेञ्चमा पुग्नु भयो । उहाँ न्यायाधीशमा नियुक्ति हुँदा सर्वोच्च अदालतमा २२ जना न्यायधीशमा २ जना मात्र महिला थिए । सर्वोच्च अदालतमा भएको यो नियुक्ति नै न्याय क्षेत्रको सर्वोच्च अंग सर्वोच्च अदालतको प्रमुख बन्ने आधार बन्यो । उहाँको न्यायिक यात्रा निरन्तर अगाडि बढ्यो । न्यायाधीश भइसकेपछि सामाजिक जीवन एक प्रकारले त्याग्नु पर्ने उहाँको अनुभव छ

## प्रधान न्यायाधीशमा सुशिला

वि.स. २०७२ चैत ३० मा कल्याण श्रेष्ठको उमेर हदका कारण सेवाकाल सकियो । त्यसपछि सर्वोच्च अदालतमा तत्काल कायम रहेका न्यायाधीशहरूमध्ये सुशिला कार्की वरिष्ठ हुनुहुन्थ्यो । वि.स. २०७३ वैशाख २ गतेदेखि कायममुकायम प्रधान न्यायाधीशको कार्यभार सम्हाल्नु भयो । यस नियुक्तिसँगै भविष्य गौरवपूर्ण इतिहास लेख्न पर्खिरहेको थियो । नेपालले पहिलो महिला प्रधानन्यायधीश पाउने भयो भनेर नेपाली महिला खुशी र गौरान्वित भैरहेका थिए भने कतिपय राज्यशक्तिका खेलाडीहरू उहाँको नियुक्ति कसरी रोक्न सकिन्छ भनेर हर सम्भव प्रयत्न गरिरहेका थिए । अन्ततः जीत न्यायको भयो । वि.स.२०७३ असार २७ गते सुशिला कार्कीले पद तथा गोपनियताको शपथ लिनुभयो । नेपालको प्रथम महिला न्यायाधीश बनेर एउटा गौरवपूर्ण इतिहास निर्माण गर्नुभयो ।

## प्रधानन्यायाधीश हुँदा गरेका काम

"प्रधान न्यायाधीशको काम न्याय निरूपण गर्ने मात्र होइन, न्यायिक प्रणालीलाई चुस्तदुरुस्त राखी छिटोछरितो न्याय प्राप्त गर्न सकिने बनाउने पनि हो । त्यसैले प्रधान न्यायाधीश न्यायप्रदायकसँगै प्रशासक पनि हो" भन्ने कार्कीले न्याय क्षेत्रमा देखिएका विकृति विसंगतीलाई हटाउने प्रयत्न गर्नु भयो । पेसीसूची सार्वजनिक हुँदा मुद्दामा विभिन्न स्वार्थ समूहबाट प्रभाव पार्ने गुनासोका कारण पेसीसूचीको गोप्यतालाई प्राथमिकतामा राख्दै सही समयमा मात्र सार्वजनिक गर्नुभयो । न्यायपालिकाप्रति सर्वसाधारणको सम्मान कायम रहोस् र न्यायपालिकाको काम छिटोछरितो होस् भनेर न्यायमा पहुँच आयोगलाई सक्रिय बनाउनु भयो । कर्मचारी र न्यायधीशहरूलाई दिने सेवा सुविधा, वैदेशिक भ्रमण, सरुवा आदिमा सकेसम्म समान व्यवहार गर्नुभयो ।

काम गर्नेको गणना नहुने, केही नगरे पनि उन्नती भैरहने । यस्तो नहोस् भनेर निकै सचेततापूर्वक न्यायपालिकाको नेतृत्व गर्नुभयो । कार्यकालको पाँच महिना भित्र आठ जना न्यायाधीश मात्र हुँदा पनि ११ हजार भन्दा बढिको मुद्दाको फैसला गराउनु भयो ।

## महाअभियोग

राष्ट्रपति विद्यादेवी भण्डारी, सभामुख ओनसरी घर्ती र प्रधान न्यायाधीश सुशिला कार्की, तीन वटा सर्वोच्च पदमा महिलाहरू आसीन हुँदा नेपाली महिलाहरू गौरान्वित अनुभव गरिरहेका थिए । प्रधान न्यायाधीशले छिटो छरितो र विना प्रभावित भई निर्णयहरू गरिरहनु भएको थियो । त्यसैक्रममा वि.स. २०७४ वैशाख १७ गते आइतबार कांग्रेस-माओवादी गठबन्धनको सरकारले संसदमा महाअभियोग प्रस्ताव दर्ता गऱ्यो । महाअभियोगको पक्ष र विपक्षमा बहस शुरु भयो ।

कार्यकारी अधिकार माथि हस्तक्षेप गरेको, आइजिपी प्रकरणमा पहिलोलाई दोस्रो र दोस्रोलाई पहिलो बनाई कामसु तोडमोड गरेर फैसला गरेको, न्यायलयको स्वतन्त्रता माथि हस्तक्षेप गर्दै सीमित न्यायाधीशलाई इजलासमा राखेको, कार्यविधि र कानूनको पालना नगरेको, न्यायलयको गरिमा र स्वतन्त्रतामा आघात पुऱ्याएको, शक्ति पृथकीकरणको सिद्धान्तमा आँच पुऱ्याएको, सर्वोच्च अदालतभित्र गुटबन्दी गरेको, न्याय सम्पादन स्वतन्त्रतापूर्वक नगरेको र खराब आचरण गरेको भनी उहाँमाथि सरकारले अरोप लगाएको थियो ।

सुशिला कार्की कै भनाइमा, महाअभियोग लगाइनुका कारणहरूमा उहाँ सरकार चलाउनेहरूको मतियार नबन्नु र सुडान घोटला काण्डको फैसला हुन नदिनु प्रमुख कारण हो भन्नु हुन्छ । यसका अतिरिक्त भ्रष्टाचारका मुद्दा एवं ठूला माफिया र दलालको चलखेल भएका मुद्दाहरूको फैसला भटाभट भैरहेको थियो त्यसलाई रोक्नु, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुखको नियुक्ति र योग्यता सम्बन्धी विवादको व्याख्या र अन्य मुद्दाहरूको निर्णय हुन नदिनु, उच्च अदालतमा ८० जना न्यायाधीश नियुक्तिमा आफूले चाहेका मान्छे नपरेका कारण बारका पदाधिकारी र तत्कालीन महान्याधिवक्ता रमणकुमार श्रेष्ठ रुष्ट हुनु । त्यसै गरी महानिरीक्षकमा जयबहादुर चन्दको नियुक्ती बदर र योग्यता हेरी पुनः नियुक्ति गर्ने निर्णयले राज्य संचालकको स्वार्थपूर्ति नहुँदा रुष्ट हुनु । न्यायपरिषद्‌बाट सिफारिस भएका सर्वोच्च अदालतमा ११ जना न्यायाधीशहरूलाई उहाँले नियुक्ती गर्दा महान्यायधिवक्ताको कार्यालय र बार एसोसिएसन उहाँको विरुद्ध उभिएको थियो । स्वार्थपूर्ति हुन नसकेका व्यक्तिहरू सबै उहाँका विरुद्ध लागे र सरकारलाई प्रभावित बनाए भन्ने उहाँको भनाइ छ ।

अन्ततः सुशिलाको विश्वासको, महिलाको चाहनाको र न्यायमा अटूट विश्वास राख्ने जनताको जीत भयो । वि.स. २०७४ जेठ २३ गतेको व्यवस्थापिका संसदको बैठकले महाअभियोगको प्रस्ताव फिर्ता लियो । उहाँको कार्यकाल सकिने दिन महाअभियोगको प्रस्ताव फिर्ता भएको थियो ।

इमानदारिताका साथ काम गर्दा, कसैको हसबहादुर नबन्दा कसरी एक इमानदार, हक्की र निडर व्यक्ति घेराबन्दीमा पर्दो रहेछ, यसको उदाहरण हुनुहुन्छ उहाँ । महाअभियोग उहाँको जीवनको तीतो तर असफल सत्य हो ।

कानूनी क्षेत्रमा नभए साहित्यकार हुन्थें बताउने सुशिला न्यायपालिकाको आँखाबाट देखिने संक्रमणकालीन राजनीतिकी साक्षी मात्र होइन राजनीतिबाट पीडित पनि हुनुहुन्छ । जनहित र देशहितमा काम गर्दा कस्ता किस्ता चुनौती र अप्ठ्यारा आइलाग्छन् भन्ने उदाहरण हुनुहुन्छ उहाँ ।

अन्तमा,

जीवनको रापिलो यात्रामा भोगेका आफ्ना भोगाईहरू 'न्याय' नामक आत्मकथा मार्फत बाहिर ल्याउनु भएको छ । प्रधान न्यायधीशको पदमा आसिन हुँदा पनि धेरै महिला महिला भनेर भन्नु हुन्छ भन्ने आरोप उहाँलाई छ । यस सम्बन्धमा उहाँ भन्नुहन्छु-'जुन पक्ष कमजोर छ उसको पक्षमा बोल्नु पर्छ । त्यसैले म महिलाको पक्षमा बोले र बोल्छु । '

सुशिलाको न्यायिक क्षेत्रको त्यो कार्यकाल एउटा इतिहास बनेको छ । बितेको सबै इतिहास हो तर अनन्तकालसम्म पढ्ने र प्रेरणा दिने इतिहास उहाँले निर्माण गर्नु भएको छ । र, उहाँले सिद्ध गर्नु भएको छ महिलाहरू नेतृत्व गर्न मात्र होइन राम्रो नेतृत्व गर्न सक्छन् । ■

*स्रोत : न्याय-सुशिला कार्की, विभिन्न पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइनमा प्रकाशित सामग्री ।*